पुतलीबजार नगरपालिका

नगर कार्यपालिकाको बैठक

बैठक संख्या :- १०९

मिति :-२०८१/०५/१६

बैठक स्थान :- नगरपालिकाको सभाहल

**निर्णय नं. १**

विगतको नगर सभा र कार्यपालिकाको बैठकबाट भएका निर्णयहरुको समिक्षा गरियो, निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो । आ.व. ०८१/०८२ का योजना तथा कार्यक्रम सिघ्र रुपमा सञ्चालन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

स्थानीय सरकार सञ्चालन ऐन २०७८ को परिच्छेद ३ दफा ११ (२) उपदफा १ घ बमोजिम तथा गण्डकी प्रदेश सरकार द्धारा जारी आ.व.. २०८१/०८२ को आर्थिक ऐनको अनुसूची ७ बमोजिमको दररेट रु ९ प्रति फिट एवं पेश हुन आएको प्रारम्भिक वातावरणिय परीक्षण प्रतिवेदनको.अधिनमा रही पुतलीबजार नगर क्षेत्रभित्रका नदी नालाहरुमा नदीजन्य पदार्थ ढुँगा, गिटी, बालुवा, दहत्तर/बहत्तरको संकलन बिक्री तथा निकाशी कर असुली एवं ठेक्का वन्दोबस्त गर्ने कार्यका लागि ३० दिने बोलपत्र (ठेक्का आह्वान) आह्वान तथा सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

| क्र.स. | नदी नालाहरुको विवरण | उत्खनन् गरेको घाटको विवरण | उत्खनन् गर्ने परिमाण (घन मिटरमा) | न्युनतम ठेक्का अङ्क (रु. मा) (मु.अ.कर समेत) |
|---|---|---|---|---|
| १ | आँधिखोला | सेतिदोभान र दुइघरे दुलेरह पुतलीखेत घाट (पुतलीखेत पुलदेखि माथि) | ५११३.५ | १८,३४,७११।- |
| | | छिडी खल्लुबोट घाट | २११३५ | ७५,८३,१८७।- |
| | | नयाँ झो . पु. देखि तल लाम्पाटा गैरीजाँगर घाट | १३५०० | ४८,४३,७६८।- |
| | | वर्लाङ्ग बेलवास र हेलु घाट (लाम्पाटा पक्की पुलदेखि तल) | ७९६८.७५ | २८,५९,१६८।- |
| २ | सुरौदी खोला | सुरौदीखोला प्यूरीदोभान घाट | ११७७.५ | ४,२२,४८४।- |

तुलसी राम रेग्मी
नगर प्रमुख

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

**निर्णय नं. ३**

घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र पहिलो संसोधन कार्यविधि, २०७५ मा देहाय बमोजिम संसोधन, व्यवस्थापन तथा कार्यन्वयन गर्ने निर्णय गरियो ।

| संसोधित शीर्षक/ दफा/बुँदा/अनुसूची | संसोधन गर्नु पूर्वको व्यवस्था | संसोधित व्यवस्था |
|---|---|---|
| दफा ३(१) | प्रमुख प्रशासकीय अधिकृत समक्ष | प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको अधिकृत समक्ष |
| दफा ३(२) | प्रमुख प्रशासकीय अधिकृतले | प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको अधिकृतले |
| दफा ३(३) | • कार्यपालिकाको<br>• प्रमुख प्रशासकीय अधिकृतले<br>• नगर प्रमुखबाट | • सहजीकरण समितिको<br>• प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको अधिकृतले<br>• तोकिएको अधिकृतबाट |
| दफा ३(४) | कार्यपालिकाको | सहजीकरण समितिको |
| दफा ४(२) | नगरपालिका | कार्यालय |
| दफा ४(३) | प्रमुख प्रशासकीय अधिकृतले | प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको अधिकृतले |
| दफा ४(४) | नवीकरणको सम्बन्धमा माथि जे कुरा उल्लेख भएतापनि संघीयता कार्यान्वयन संगै नगरपालिकाबाट कार्यविधि नबनीसकेको र नविकरण गर्न अन्यौलको अवस्था भएकोले गत वर्ष २०७४/७५ मा तोकिएको मितिमा नवीकरण हुन नसकेका फर्महरुलाई अनुसूची २ बमोजिमको थप दस्तुर लिई एक पटकको लागि मात्र ०७५ असोज मसान्त भित्र विवरण लिई नवीकरण गर्न सकिनेछ । | नवीकरणको सम्बन्धमा माथि जे कुरा उल्लेख भएतापनि सम्बन्धित आ.व. को आषाढ मसान्त भित्र आवश्यक विवरण लिई नविकरण गर्न सकिनेछ । |
| दफा ६ | कुनै निर्माण व्यवसायीले ईजाजत पत्र हराए वा नासिएको कारणबाट ईजाजत पत्रको प्रतिलिपि पाउन निवेदन गरेमा अनुसूची २ बमोजिमको दस्तुर लिई ईजाजत पत्रको प्रतिलिपि दिनुपर्नेछ । | उक्त कुराको अतिरिक्त नगर सभाबाट तथा आर्थिक ऐनमा तोकिए बमोजिमको दस्तुर तथा जरिवाना लिई जो कसैको घ वर्गको लाईसेन्सलाई अन्य चल/अचल सम्पत्ती सरह मानी मृत्युको कारण वा अधिकृत वारेसनामाको कारण वा मञ्जुरीनामा वा कबुलियतनामा एवं सर्जमिन मुचुल्का र वडाको सिफारीस समेतको आधारमा उत्तराधिकारीवाला तथा हकवाला वा माथवर व्यक्ति समक्ष लिने तथा दिने दुवै पक्षको मञ्जुरीनामा, अधिकृत वारेसनामा, कबुलियतनामा तथा सहमतिमा नामसारी तथा ठाउँसारीको लागि पेश हुन आएमा तोकिएको दस्तुर लिई तोकिएको व्यक्तिलाई नामसारी तथा ठाउँसारी, दर्ता खारेजी, लगतकट्टी र प्रतिलिपि तथा प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ । |
| अनुसूची २ | • इजाजत पत्र दस्तुर (नयाँ) को रु. ५,०००।-<br>• इजाजत पत्र नवीकरण दस्तुर (प्रथम नवीकरण) को रु.३,०००।-<br>• इजाजत पत्र नवीकरण थप दस्तुर (द्वितीय नवीकरण) को रु. १०,०००।-<br>• इजाजत पत्र नवीकरण थप दस्तुर (तृतीय नवीकरण)<br>• इजाजत पत्र प्रतिलिपि दस्तुर को रु.१,०००।- | • इजाजत पत्र दस्तुर (नयाँ) को रु. १५,०००।-<br>• इजाजत पत्र नवीकरण दस्तुर (प्रथम नवीकरण आश्विन मसान्त भित्र) को रु.५,०००।-<br>• इजाजत पत्र नवीकरण थप दस्तुर (द्वितीय नवीकरण चैत्र मसान्त भित्र) को रु. १०,०००।-<br>• इजाजत पत्र नवीकरण थप दस्तुर (तृतीय नवीकरण आषाढ मसान्त भित्र) को रु. २०,०००।-<br>• इजाजत पत्र प्रतिलिपि दस्तुर को रु.१,०००।-<br>• नामसारी/ठाउँसारी को रु.१०,०००।-<br>• दर्ता खारेजी/लगत कट्टीको रु.५००।-<br>• प्रतिलिपिको रु.५००।- |
| अनुसूची ५ | • Thedolite/Level Machine | • Station वा Level Machine भएकालाई मान्यता दिन सकिने<br>• Mixture Machine भाडामा लिएका लाई पनि मान्यता दिन सकिने |

तुलसी राम शर्मा
नगर प्रमुख

**निर्णय नं. ४**

ए- वन विल्डर्स पु.ब.न.पा. – १० (प्रो. सरोज पौडेल) लाई (घ) वर्गको निर्माण व्यवसायी इजाजत पत्र तथा लाइसेन्स प्रदान गर्ने निर्णय गरियो । साथै घ वर्गको लाइसेन्स प्रदान गर्ने तथा नविकरण गर्ने कार्यका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिमका अन्य विषयगत समिति सरह सुविधा प्राप्त गर्ने गरी देहाय बमोजिमको सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक – प्रशासन शाखा प्रमुख

सदस्यः- पूर्वाधार शाखा प्रमुख

सदस्य सचिवः- राजश्व उपशाखा प्रमुख

**निर्णय नं ५**

पु.ब.न.पा. – १ स्थित रेग्मी निर्माण सेवाका प्रो. रामबन्धु रेग्मीको मिति २०७८/_ वा मृत्यु भएको र निजको नाउँमा जारी भएको (घ) वर्गको निर्माण व्यवसायी इजाजत पत्र निजको सम्पत्तीको हकवाला पत्नी प्रेमकला रेग्मी तथा हकवाला छोराहरुको मन्जुरीनामा तथा अधिकृत वारेसनामा, वडाको सिफारीस, मृत्यु दर्ताको प्रमाणपत्र, उमेर एवं अशक्तताको अवस्था, घरेलु तथा साना उद्योग कार्यालयले प्रदान गरेको कागजात र करचुक्ता प्रमाणपत्र समेतका आधारमा निज प्रेमकला रेग्मीको नाति सुलभ लम्सालका नाँउमा नियमानसार लाग्ने दस्तुर र जरिवाना रकम लिई नामासारी गरिदिने निर्णय गरियो ।

**निर्णय नं. ६**

वडा सचिव तथा नगरपालिकाका विषयगत शाखा प्रमुखको बैठकमा प्रस्तुत भई प्रतिवेदन सहित पेश हुन आएको यस नगरपालिकाको वडा तथा नगर स्तरीय योजना तथा कार्यक्रमहरुको वार्षिक समिक्षा कार्यक्रम आ.व. २०८०/०८१ पारीत गर्ने र सो प्रतिवेदनलाई विभिन्न सञ्चार माध्यम मार्फत सार्वजनिकीकरण गर्ने एवं जिल्ला स्तरीय समीक्षा बैठकमा समेत पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस पालिकाबाट प्रवाह हुने सेवा तथा सुविधाका सम्बन्धमा बैठकमा छलफल भयो । सेवा प्रवाहमा रहेका ग्याप्सहरुलाई सूधार गरी पूर्णतामा लैजाने र नागरिक वडापत्र तथा सेवा प्रवाहको मापदण्ड बमोजिम कार्यान्वयनमा जाने निर्णय गरियो ।

**निर्णय नं. ८**

स्थानीय सेवाको व्यवस्थापन अन्तर्गत स्थानीय सेवा प्रवाह मापदण्ड तर्जुमा भई कार्यान्वयनमा ल्याइएको सेवाका शर्त तथा योजना एवं कार्यक्रमको कार्यान्वयन र नियमन समिक्षा गर्दा सारभुत रुपमा प्रभावकारी रहेकोले गुणस्तरियताका पक्षहरुलाई अझै अभिवृद्धि गर्दै लैजाने निर्णय गरियो ।

चिरञ्जीवी पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

**निर्णय नं. ९**

मिति २०८१/०५/११ मा Greenwich Enviromental and Engineering consult Pvt.Ltd. बाट यस नगरपालिका भएर बग्ने आँधिखोला, सुरौदीखोला, रिङ्दीखोला बगर क्षेत्रबाट ढुँगा, गिट्टी, बालुवाको दिगो संकलन/उत्खनन् कार्यका लागि तयार पारी पेश हुन आएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने तथा सम्झौता अनुसारको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

तुलसी राम रेग्मी
नगर प्रमुख